मिति: २०८१/०१/२० ने.सं. ११४४ चौलागा ९ बिहिबार बैठक संख्या - १७

आज मिति २०८१/०१/२० गते विहिबारको दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८०/०८१ को सत्रौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ……………………………………………………………

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ……………………………………………………………

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ……………………………………………………………

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ……………………………………………………………

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ……………………………………………………………

६. वडा अध्यक्ष : श्री धनपति गिरी ……………………………………………………………

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ……………………………………………………………

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ……………………………………………………………

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ……………………………………………………………

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ……………………………………………………………

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ……………………………………………………………

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ……………………………………………………………

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई……………………………………………………………

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ……………………………………………………………

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा……………………………………………………………

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ……………………………………………………………

१७. कम्प्युटर अपरेटर लक्ष्मी चुहान……………………………………………………………

१८. कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी……………………………………………………………

१९. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङदेन……………………………………………………………

**प्रस्तावहरूः**

१. नविकरणीय उर्जाको बजेट कार्यान्वयन सम्बन्धमा।
२. पुजीँगत परामर्श शिर्षकबाट डिपिआर गरिने योजना छनौट सम्बन्धमा।
३. चिस्यान केन्द्रको जग्गा प्राप्तिको आवश्यक प्रकृया बढाउने सम्बन्धमा।
४. चिस्यान केन्द्रको डिपिआर सम्बन्धमा।
५. विविध माग पत्र सम्बन्धमा।
६. विविध।

**निर्णय नं. -१**

सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) तर्फको नवीकरणीय ऊर्जा प्रविधि जडान (वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा) शिर्षकबाट तपसिलको क्षेत्रमा सडक बत्ती जडान कार्य गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**तपसिलः**

१. जोरपोखरी बजार, हिलिहाङ-६, पाँचथर (१ थान) ।
२. हिलिहाङ दरबार परिसर, हिलिहाङ-४, पाँचथर (बाँकी सबै)।

**निर्णय नं. -२**

यस गाउँपालिकाको पुँजीगत परामर्श शिर्षकबाट तपसिलको योजनाहरू छनौट गरी डिपिआर गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**तपसिलः-**

| क्र.सं. | योजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १. | मखुवा जेभाले सिँचाई आयोजना | हिलिहाङ-५, पाँचथर | |
| २. | धार्मिक तथा पर्यटकीय क्षेत्र जोरपोखरी क्षेत्र गुरुयोजना तथा डिपिआर निर्माण | हिलिहाङ-६, पाँचथर | |

**निर्णय नं. -३**

हिलिहाङ गाउँपालिका स्तरीय चिस्यान केन्द्र (Cold Store) निर्माण कार्यका लागि आवश्यक जग्गा निःशुल्क प्राप्तिको लागि यस गाउँ कार्यपालिकाको मिति २०८०।१२।३० गते सूचना प्रकाशन गरी ईच्छुक जग्गा दाता हिलिहाङ गाउँपालिका वडा नं. ४ बस्ने श्री गंगाराम कटेलले आफ्नो नाममा दर्ता कायम रहेको हिलिहाङ गाउँपालिका वडा नं. ४ साविक सिवुवा ९।क कित्ता नं. २९६ क्षेत्रफल रो. ८-१२-३-३ मध्येबाट रो.३-०-०-० जग्गा स्वेच्छिक रूपमा निःशुल्क जग्गादान गर्ने मञ्जुरिनामा सहित निवेदन पेश गर्नु भएकोले उक्त जग्गा प्राप्तिको लागि आवश्यक प्रकृया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. -४**

हिलिहाङ गाउँपालिका स्तरीय चिस्यान केन्द्र (Cold Store) निर्माणार्थ जग्गा प्राप्तिको सम्पूर्ण प्रक्रिया अघि बढी सकेको हुनाले उक्त चिस्यान केन्द्रको डिपिआर गर्ने कार्यादेश प्रमुख प्रशासकीय अधिकृतलाई दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. -५**

यस हिलिहाङ गाउँपालिका वडा नं. ७ स्थित साँचेखोला खानेपानी तथा सरसफाई उपभोक्ता समितिले सुख्खा खडेरीको कारण साँचे खोलामा खानेपानीको स्रोत सुकेको हुँदा उक्त क्षेत्रमा वैकल्पिक खानेपानी व्यवस्थापनार्थ हेवाखोलाको विमिरे भन्ने ठाउँबाट ट्याङ्कीमा पानी बोकेर तत्काल समाधान गर्न लाग्ने डिजलबापतको रकम प्राविधिक प्रतिवेदन समेतको आधारमा विपद् व्यवस्थापन कोष शीर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. -६**

**विविध**

**क.** हिलिहाङ गाउँपालिका भित्रका कक्षा ८ को वार्षिक परीक्षा २०८० मा २ वटा विषयसम्म अनुत्तिर्ण परिक्षार्थीहरूलाई हिलिहाङ गाउँपालिका स्तरीय कक्षा ८ को ग्रेड वृद्धि परिक्षा श्री सिद्ध मा.वि., पञ्चमी र श्री जोरपोखरी मा.वि. जोरपोखरी परीक्षा केन्द्र राखी तत्काल सञ्चालन गरी विविध खर्च शीर्षकबाट रु. ५०,०००।- (अक्षरेपी पचास हजार रुपैयाँ) भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन दिने।

**ख.** हिलिहाङ गाउँपालिका स्थित वडा नं. ३ को निर्माणाधीन सिमलबोटे सामुदायिक स्वास्थ्य इकाई भवन मर्मत सम्भार योजना चैत्र महिनाको हावाहुरीले भवन लडी आंशिक रूपमा निर्माण सामाग्रीहरूको क्षति भएको हुँदा उक्त भवनको सरसामाग्री तत्काल संरक्षण तथा व्यवस्थापन गर्न लाग्ने रकम प्राविधिक प्रतिवेदनका आधारमा भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**ग.** चालू आ.व. २०८०/०८१ को हिलिहाङ गाउँपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत कृत्रिम पोखरी निर्माण शीर्षकबाट आलेडाँडा कृत्रिम पोखरी तथा भालिटार कृत्रिम पोखरी निर्माण गर्ने।